# माउण्टेन हाइडो नेपाल लिमिटेडको निर्वाचन निर्देशिका, २०७७

माउण्टेन हाइडो नेपाल लि. कम्पनी स्वायत्त उर्जाको विकाशको साथै राष्ट्रको आर्थिक, सामाजिक, सांस्कृतिक उन्नत्तिका लागि खोलिने जलविद्युत कम्पनी हो । विद्युत उत्पादन गरी देशमा विध्यमान रहेको उर्जा संकटलाई निवारणको लागी योगदान गर्नु यस कम्पनीको मूल सिद्धान्त हो । निर्वाचन प्रजातान्त्रिक अभ्यासको आधार हो । कम्पनीलाई विधिसम्मत रुपबाट संचालन गर्नको लगी कम्पनी ऐन २०६३ ले गरेको व्यवस्था बमोजिम पब्लिक कम्पनीको सस्थापक शेरयधनिहरु, साधारण शेयरधनिहरु र स्वतन्त्र संचालक सहितको एक संचालक समितिको व्यवस्था गरेको छ । उक्त संचालक समितिको निर्वाचनको लागी निर्वाचन कार्यलाई व्यवस्थित गर्न निर्वाचन निर्देशिकाको आवश्यकता महसुश गरी यस माउण्टेन हाइडो नेपाल लि. को निर्वाचन निर्देशिका, २०७७ लागू गरिएकोछ ।

**उद्देश्यः**

यस कम्पनीको संचालक समितिको निर्वाचन इच्छुक शेयरधनिहरु निर्वाचनमा भाग लिन पाउन, निर्वाचन सरल र विधिसम्मत तरिकाले होस भन्ने उद्देश्यले यो निर्देशिका जारी गरिएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

१. यस निर्देशिकाको नाम “माउण्टेन हाइड्रो नेपाल लिमिटेडको निर्वाचन निर्देशिका २०७७” रहेको छ ।

२. यो निर्देशिका यस कम्पनीको संचालक समितिका सदस्यहरुको निर्वाचनको लागि अनुसरण गर्नु पर्नेछ ।

२. **परिभाषाः** विषय वा प्रसले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

(क) “कम्पनी” भन्नाले कम्पनी ऐन, २०६३ को दफा ५ अनुसार दर्ता भएको माउण्टेन हाइड्रो नेपाल लि. कम्पनी सम्झनु पर्छ ।

(ख) “ऐन” भन्नाले कम्पनी ऐन, २०६३ लाई सम्झनु पर्छ ।

(ग) “प्रबन्धपत्र” भन्नाले माउण्टेन हाइड्रो नेपाल लि. को प्रबन्ध पत्र लाई सम्झनु पर्छ ।

(घ) “नियमावली” भन्नाले माउण्टेन हाइड्रो नेपाल लि. को नियमावलीलाई सम्झनु पर्छ ।

(ङ) “निर्वाचन” भन्नाले कम्पनीका संस्थापक शेयधनिहरु १ महिला सहित ४ जना, साधारण शेयरधनिहरुबाट २ र १ जना स्वतन्त्र संचालक सहित जम्मा ७ जनाको कम्पनीको संचालक समितिको निर्वाचनलाइ सम्झनु पर्छ ।

(च) “निर्वाचन अधिकृत” भन्नाले कम्पनीले आफ्नो निर्वाचन प्रयोजनका लागि नियुक्त गरेको व्यक्ति वा तोकेको अधिकृतलाई सम्झनु पर्दछ ।

(छ) "मतदाता" भन्नाले कम्पनीका संस्थापक शेयरधनि, साधारण शेयरधनि वा प्रतिनिधि वा सञ्चालक समेतलाई सम्झनु पर्छ ।

(ज) "उम्मेदवार" भन्नाले कम्पनीको नियमावली बमोजिमको कम्पनीको संस्थापक शेयरधनिहरु साधारण शेयरधनिहरु मध्येबाट सञ्चालक समितिको निर्वाचनमा उम्मेदवार हुन तोकिएको मापदण्ड पुरा गरेको व्यक्तिलाई सम्झनु पर्छ ।

३. **<u>निर्वाचन उपसमिति र निर्वाचन अधिकृत सम्बन्धी व्यवस्था</u> :**

(क) कम्पनीको संचालक समितिले आफ्नो संचालक समितिको निर्वाचन गर्ने प्रयोजनका लागि आफ्नो नियमावली अनुसार एक निर्वाचन उपसमिति गठन गर्नु पर्नेछ ।

(ख) निर्वाचन कार्यक्रममा मतदान अधिकृतका रुपमा सम्बन्धित कम्पनीले प्रतिनिधि खटाएको भए सो कर्मचारी मान्यता प्राप्त कानून व्यवसायीलाइ निर्वाचन उपसमितिले निर्वाचन अधिकृतको रुपमा नियुक्त गर्न सक्नेछ ।

**४. <u>संचालक समिति र संचालकको संख्या</u>** :यस कम्पनीको ७ सदस्सिय एक संचालक समिति रहने छ । जसमा १ महिला सहित ४ जना संस्थापक शेयरधनिहरु मध्येबाट, २ जना साधारण शेयरधनिहरु मध्येबाट र ६ जना निर्वाचित संचालकहरुले यस कम्पनी सँग कुनै सम्बन्ध नरहेको मनोनित गरेको १ जना व्यक्ति स्वतन्त्र संचालक हुनेछन् ।

**५. <u>स्वतन्त्र संचालक हुन नसक्ने</u> :** कम्पनी ऐन, २०६३ को दफा ८९(१), (२) मा उल्लेख भएको व्यक्ति स्वतन्त्र संचालकमा नियूक्त हुन सक्ने छैन ।

**६. <u>निर्वाचन कार्यक्रमको सूचना प्रकाशित गर्ने</u> :** यस कम्पनीको सञ्चालक समितिको निर्वाचनको लागि ७ दिन अगावै सम्बन्धित कम्पनीले संचालक समितिको बैठक बसी अनुसूची - १ अनुसारको ढाँचा निर्वाचन कार्यक्रमको सूचना प्रकाशन गर्नु पर्नेछ ।

**७. <u>मतदाता नामावली प्रकाशित गर्ने</u>:**

(क) संचालक समितिको निर्णयानुसार गठित निर्वाचन उपसमितिले निर्वाचन गराउने दिनको प्रारम्भमा अनुसूची-२ बमोजिमको ढाँचामा संचालक समितिले उपलव्ध गराएको र निर्वाचन अधिकृतले प्रमाणित गरेको मतदाता नामावली प्रकाशित गर्नु पर्नेछ र सो को मुचुल्का अनुसूची-३ बमोजिमको ढाँचा राख्नु पर्नेछ । छुटफुट भएको मतदाताको नाम थपघट गर्न छोटो अवधिको म्याद दिई थपघट गर्नु पर्नेछ । थपघट गरी सच्याइएको अन्तिम नामावली पुनः प्रकाशित गर्नु पर्नेछ ।

(ख) निर्वाचन शुरु गर्नु अघि उम्मेदवारहरुलाई प्रचार प्रसारको लागि केही समय दिनुपर्नेछ । निर्वाचन शुरु भएपछि प्रचार-प्रसार बन्द गर्नु पर्नेछ ।

८. **उम्मेदवारबाट दरखास्त लिने :**

(क) कम्पनीको संचालक समितिको उम्मेदवारको लागि दरखास्त दिन योग्यता पुगेको व्यक्ति वा प्रतिनिधिले अनुसूची-४ बमोजिमको ढाँचामा राखी उम्मेदवारको दरखास्त दिनुपर्नेछ ।

(ख) संचालक समितिको पदमा उमेदवारीको दरखास्तको लागि रु.१०,०००।- उमेदवारी दस्तुर लाग्नेछ । उक्त दस्तुर बुझाईसके पछि फिर्ता हुने छैन ।

(ग) उम्मेदवारको लागि दरखास्त दिंदा एक जना प्रस्तावक र एकजना समर्थकको सही भएको हुनु पर्छ । तर कुनै उम्मेदवारको लागि एक पटक प्रस्तावक वा समर्थक भएपछि अर्को उम्मेदवारको लागि प्रस्तावक वा समर्थक बन्न पाउने छैन ।

(घ) निर्वाचन अधिकृतले प्राप्त दरखास्त जाँच गरी उम्मेदवारहरुको नामावली अनुसूची- ५ (क) र (ख) बमोजिमको ढाँचामा तयार गरी सूचना प्रकाशित गर्नु पर्नेछ ।

(ङ) उम्मेदवारको दावी विरोध र नाम फिर्ता लिन छोटो अवधिको म्याद दिनुपर्छ र त्यसपछि अन्तिम नामावली प्रकाशित गर्नु पर्नेछ ।

९. **संचालकको उम्मेदवारको लागी अयोग्य हुनु हुदैन :** निम्न अवस्थामा कुनै पनि व्यक्ति सञ्चालक समितिको निर्वाचनमा उमेदवार बन्न पाउने छैन ।

(क) कम्पनीको १०० कित्ता शेयर भन्दा कम शेयर लिएको व्यक्ति,

(ख) २१ बर्ष उमेर नपुगेको व्यक्ति,

(ग) मगज बिग्रेको वा बहुलायको व्यक्ति,

(घ) भ्रष्टाचार वा नैतिक पतन देखिने अन्य कसूमा सजाय पाएको व्यक्ति,

(ङ) कुनै प्रकारको चोरी, ठगी, कीर्ते वा आफ्नो जिम्माको धनमार अनधिकृत तरवरले मासेको वा दुरुपयोग गरेको अभियोगमा कसूरदार ठहरी सजाय भुक्तान भएको मितिले ३ बर्ष पुरा नभएको,

(च) सम्बन्धित कम्पनीको व्यवसाय वा कुनै ठेक्का पट्टा वा कारोबरमा कुनै प्रकारको निजी स्वार्थ भएको,

(छ) समान उद्देश्य भएको अर्को कुनै कम्पनीको संचालक, आधारभूत शेयरधनि, कर्मचारी, लेखापरिक्षक, वा सल्लाहकार पदमा बहाल रहेको वा त्यस्तो कम्पनीमा कुनै पनि प्रकारको निजी स्वार्थ भएको,

(ज) सम्बन्धित कम्पनीलाई रकम बुझाउन बाँकी रहेको ठहर भएको अवस्थामा त्यस्तो शेयरधनी,

(झ) कम्पनी ऐनको दफा १६० बमोजिम सजाय पाएको व्यक्तिको हकमा सजाए पाएको मितिले १ बर्ष ननाघेको वा दफा १६१ बमोजिम सजाए पाएको मितिले ६ महिना ननाघेको,

(ञ) कुनै खास व्यवसाय संचालन गर्ने कम्पनीको हकमा प्रचलित कानूनले कुनै योग्यता तोकेको भए त्यस्तो योग्यता नपुगेको वा कुनै अयोग्यता तोकिएको रहेछ भने त्यस्तो अयोग्यता भएको,

(ट) लगातार ३ आर्थिक वर्षसम्म यस ऐन अनुसार कार्यालयमा पेश गर्नु पर्ने विवरण तथा प्रतिवेदनहरु पेश नगर्ने कुनै कम्पनीको संचालक रहेको,

ठ) कम्पनी ऐन २०६३ को दफा ८१ को उपदफा (२) बमोजिम जरिबाना रकम तिर्न बाँकी रहेको,

(ड) अर्को कुनै सूचीकृत कम्पनीबाट बैठक भत्ता र बैठक स्थलमा आउन, जान, बस्नका लागि लाग्ने वास्तविक खर्च बाहेक अन्य पारिश्रमिक वा कुनै सुविधा प्राप्त गर्ने संचालकको पदमा बहाल रहेको ।

१०. **मतपत्रः** निर्वाचनका लागि अनुसूची - ६ (क) र (ख) बमोजिमको ढाँचामा मतपत्र हुनेछ । मतपत्रमा भएका कोठाहरु नपुग भएमा जति उम्मेदवारहरु हुन्छन्उति नै कोठा संख्या थप गर्दै लैजान सकिने छ ।

**११. मतदान केन्द्रमा प्रवेश निषेधः** निर्वाचन अधिकृत र निजले तोकेको व्यक्तिहरु बाहेक अन्य कुनै पनि व्यक्तिलाई मतदान केन्द्रमा प्रवेश निषेध गर्नु पर्नेछ ।

**१२. सदर वा बदर मतपत्रः**

(क) मत संकेत गर्दा आफूले मत दिन चाहेको उम्मेदवारको नाम थर भएको मत संकेत गर्ने कोठाभित्र पर्नेगरी स्वस्तिक चिन्ह ( ) वा रेजा (√) लगाउनु पर्नेछ ।

(ख) दुई उम्मेदवारहरुको कोठाहरुमा पर्ने गरी स्वस्तिक चिन्ह वा रेजा लगाई ती मध्ये कसलाई मत दिएको हो भन्ने प्रष्ट नभएमा, मतपत्रमा स्वस्तिक चिन्ह वा रेजा नै नलगाएमा र निर्वाचन अधिकृतको सही नभएमा मतपत्रहरु बदर हुनेछन् ।

(ग) एउटा उम्मेदवारको कोठामा स्वस्तिक चिन्ह वा रेजा लगाएको तर रेजा धर्काको टुप्पो दोस्रो उम्मेदवारको कोठामा छुन पुगेको भएता पनि मत संकेत भने एकै उम्मेदवारलाई गरेको हो भन्ने प्रष्ट देखिएमा त्यस्तो मतपत्र सदर मान्नु पर्छ ।

(घ) आवश्यक पद भन्दा वढी संख्यामा मतदान गरेमा सो मत वदर हुनेछ ।

(ङ) मतपत्र सदर वा बदर गर्ने बारे निर्वाचन अधिकृतको निर्णय अन्तिम हुनेछ ।

१३. **प्रतिनिधि नियुक्त गर्न सक्ने:** कुनै उम्मेदवारले आफ्नो तर्फबाट निर्वाचनको मतदान कार्यको रेखदेख गर्न उम्मेदवारको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्यको लागि कम्पनीका शेयर सदस्यहरुमध्ये अनुसूची - ७ बमोजिमको ढाँचामा कसैलाई पूर्ण अधिकार दिई प्रतिनिधि नियुक्ति गर्न सक्ने छ ।

१४. **मतपेटिकामा मतदान गर्ने :**

(क) मतदानको लागि एउटा वाकस वा स्थानीय रुपमा उपलब्ध कुनै बट्टालाई मतपेटिकाको रुपमा प्रयोग गर्न सकिने छ । मतदान शुरु हुनुभन्दा अघि उक्त खाली मतपेटिका उम्मेदवारहरु वा उनीहरुका प्रतिनिधि सामु खोलेर देखाई मत संकेत गर्ने गोप्य कोठाको बाहिर पट्टी सबैले देख्ने ठाउँमा राख्नु पर्छ ।

(ख) मतपत्रमा मत संकेत गर्नको लागि एउटा गोप्य कोठा वा ठाउँ बनाउनु पर्छ ।

(ग) मतदातालाई एक कित्ता शेयर बराबर एक मतको आधारमा मात्र मत दिन लगाउनु पर्छ ।

घ) शेयरधनि स्वयं उपस्थित हुन नसक्ने भएमा अनुसूचि ११ को ढाँचामा नियुक्ति गरि पठाएको प्रतिनिधिले मतदानमा भाग लिन सक्ने छन् ।

(ङ) मतदाताले निर्वाचन अधिकृतसँग मतपत्र लिई उक्त कोठामा गई मत संकेत गरी बाहिर आई उक्त मतपत्र मतपेटिकामा खसाल्नु पर्छ ।

(च) संथापक शेयरधनिको तर्फाका संचालकका उमेदवारहरुलाई संथापक शेयरधनिहरुले मतदान गर्न पाउने छन् र साधारण शेयरधनिहरुको तर्फका संचालकका उमेदवारलाई साधारण शेयरधनिहरुले मतदान गर्न पाउने छन् ।

(छ) मतदान कार्य समाप्त भएपछि अनुसूची - ८ को ढाँचा अनुसार मुचुल्का खडा गर्नुपर्छ र त्यसपछि त्यसै ठाउँमा मतगणना गर्नुपर्छ ।

१५. **निर्वाचन परिणाम घोषित गर्ने:**

(क) निर्वाचनको परिणाम अनुसूची-९ बमोजिमको ढाँचामा मुचुल्का तयार पारी उम्मेदवारलाई वा उनीहरुको प्रतिनिधिहरुलाई सही गराई घोषणा गर्नुपर्नेछ ।

(ख) संस्थापक शेयरधनिहरुको तर्फबाट १ महिला सहित ४ जान संचालक र साधारण शेयरधनिहरुको तर्फबाट २ जना संचालकको लागि जति उम्मेदवार खडा भएतापनि जति पदको लागि निर्वाचन भएको हो त्यति पदसम्ममा बढी मत प्राप्त गर्ने उम्मेदवारहरुलाई विजयी घोषित गर्नु पर्नेछ ।

१६. **<u>गोला हाली निर्णय गर्ने</u>** : मत गणनामा एक भन्दा बढी उम्मेदवारको मत बराबर भएमा गोला प्रथाद्वारा निर्णय गराई विजयी घोषित गर्नु पर्नेछ ।

१७. **<u>निर्विरोध घोषणा गर्ने</u>** : उम्मेदवारको संख्या निर्वाचन गर्ने पदको संख्या बराबर भएमा निर्वाचन अधिकृतले त्यस्तो व्यक्तिलाइ निर्विरोध विजयी भएको घोषित गर्नु पर्नेछ ।

१८. **<u>प्रमाण-पत्र दिने</u>** : निर्वाचनमा विजयी उम्मेदवारलाई अनुसूची - १० बमोजिमको ढाँचामा प्रमाण-पत्र दिनु पर्दछ ।

१९. **<u>चित्त नबुझ्नेले उजुर गर्ने</u>** : निर्वाचन अधिकृतद्वारा गराइएको निर्वाचनमा चित्त नबुझे उच्च अदालत समक्ष ३५ दिन भित्र उजुर गर्न सकिने छ ।

२०. **<u>कागजपत्र पेश गर्ने</u>:** मतदान कार्यको समाप्ति र विजयी उम्मेदवारको घोषणा गरी सकेपछि निर्वाचन अधिकृतले मतदान सम्बन्धी कागजातहरु कम्पनीको कार्यालयमा पेश गर्नुपर्नेछ । निर्वाचन सम्बन्धी सबै कागजातहरु सिल गरी प्रमाणित गराई सुरक्षित साथ राख्नु पर्नेछ ।

२१. **<u>मतदाता नामावली कम्पनीको कार्यालयमा पेश गर्नु पर्ने</u>** : कम्पनीका जिम्मेवार पदाधिकारीले संचालक समितिले स्वीकृत गरेको र निर्वाचन अधिकृतले प्रमाणित गरेको मतदाता नामावलीको एक प्रति कम्पनीको कार्यालय र कम्पनीको Website Website www.mhnl.com.np मा राख्ने र मतदान सम्पन्न भएको ७ दिन भित्र उपयुक्त र छिटो संचार माध्यमबाट सम्बन्धीत निकायमा पठाउनु पर्नेछ ।

## अनुसूची - १

### निर्वाचन कार्यक्रम

(निर्देशिकाको दफा ४ सँग सम्बन्धित)

| क्र.स. | कार्यक्रम | मिति | समय(बजे) | स्थान |
|---|---|---|---|---|
| १. | मतदान नामावली प्रकाशन | | | |
| २. | मतदाता नामवली मा दावी विरोध | | | |
| ३. | अन्तिम मतदाता नामावली प्रकाशन | | | |
| ४. | उम्मेदवारको मनोनयन दर्ता | | | |
| ५. | उम्मेदवारको प्रथम नामावली प्रकाशन | | | |
| ६. | उम्मेदवारको विरुद्ध दावि विरोध दर्ता | | | |
| ७. | दावि विरोध माथि छानविन गरि उम्मेदवारको नामावलि प्रकाशन | | | |
| ८. | उम्मेदवारले उम्मेदवारी फिर्ता लिने | | | |
| ९. | उम्मेदवारको अन्तिम नामावलि प्रकाशन | | | |
| १०. | मतदान | | | |
| ११. | मत गणना गर्ने | | | |
| १२. | निर्वाचन परिणाम घोषणा | | | |

**मितिः** ........................

**स्थानः** **निर्वाचन अधिकृत**

निर्वाचन कार्यालय माउण्टेन हाइड्रो नेपाल लि. .......... वडा नं. ................................ काठमाण्डौं महानगरपालीका, जिल्ला काठमाण्डौं ।

द्रष्टव्यः- माथिको कार्यक्रम नमूनाको लागि दिइएको हो । ठाउँ, समय र अवस्था हेरी निर्वाचन अधिकृतले निर्वाचन कार्यक्रम बनाउन सकिन्छ ।

## अनुसूची - २

## मतदाता नामावली

(निर्देशिकाको दफा ५(क) सँग सम्बन्धित)

बाग्मति प्रदेश काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं १३, ताहचल स्थित माउण्टेन हाइड्रो नेपाल लि. ।

| सि.नं. | मतदाताको नाम थर, वतन | पिता/पतिको नाम,थर | शेयरधनि नं. | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |
| ७. | | | | | |
| ८. | | | | | |
| ९. | | | | | |
| १०. | | | | | |

मितिः- .....................

स्थानः-

.........................................

**निर्वाचन अधिकृत**

माउण्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका

वडा नं. १३, ताहचल काठमाण्डौं

## अनुसूची -३

मतदाता नामावली प्रकाशित गरेको मुचुल्का

(निर्देशिकाको दफा ५(क) सँग सम्बन्धित)

मिति ................ मा हुने काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं. १३ ताहचल स्थित माउण्टेन हाइड्रो नेपाल लि.को सञ्चालक समितिको निर्वाचनको लागि माउण्टेन हाइड्रो नेपाल लि.को मतदाता नामावली मिति ..............का दिन हाम्रो रोहवरमा ................ठाउँमा टाँसेको ठीक साँचो हो ।

रोहवरको सही

१. ...............................

२. ...............................

३. ...............................

३. ...............................

४. ..............................

नामावली टाँस गर्नेको सही ...........

मिति.....................................

अनुसुचि ४
(निर्देशिकाको दफा ८(क) सँग सम्बन्धित)

मितिः-

श्री निर्वाचन अधिकृत ज्यू
निर्वाचन को कार्यालय
माउन्टेन हाईड्रो नेपाल लि

**विषयः- उमेदवार मनोनयन को दर्खास्त पेश गरेको ।**

महोदय,

यस माउन्टेन हाईड्रो नेपाल लि को रिक्त संचालक पद पुर्तिको लागि मिति २०७७०९।२७ मा हुने निर्वाचनमा मलाई संस्थापक/सर्वसाधारण शेयरधनिहरुको समुहबाट उमेदवार हुने ईच्छा भएकोले रु.१०,०००। दस्तुर सहित यो मनोनयन पत्र पेश गरेको छु ।

**संलग्न प्रमाणपत्र**

नगरिकता को प्रमाणपत्र फोटोकपि
शेयरप्रमाणपत्रको फोटोकपि
DMat No.
अन्य

मनोनयन पेश गर्नेको
नामथरः
बाबुको नामथरः
ठेगानाः
शेयरधनि नं.
लिएको शेयरसंख्याः
फोन नम्बरः-

म ................................ श्री ...................................लाई माउन्टेन हाईड्रो नेपाल लि को....................समुहबाट संचालक पदमा उमेदवार हुन प्रस्ताव गर्दछु ।

नामथरः
शेयरप्रमाणपत्र नं.
शेयर संख्या

म ................................ श्री ...................................लाई माउन्टेन हाईड्रो नेपाल लि को....................समुहबाट संचालक पदमा उमेदवार हुन समर्थन गर्दछु ।

नामथरः
शेयरप्रमाणपत्र नं.
शेयर संख्याः

यो दर्खास्त मिति..................का दिन..........बजे श्री..........................ले मेरो समक्ष प्रस्तुत गर्नुभएको व्यहोरा प्रमाणित गर्दछु ।

दस्तखत
निर्वाचन अधिकृत

**अनुसूची - ५**

उम्मेदवारहरुको नामावली सूची

(निर्देशिका दफा ८(घ) सँग सम्बन्धित)

क) माउण्टेन हाइड्रो नेपाल लि.को संचालक समितिको संस्थापक शेयरधनिको निर्वाचनका लागि मिति ...................... मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्नलिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | उम्मेदवारको नाम थर | शेयरधनि नं. | डिम्याट नं. | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |
| ५. | | | | | |
| ६. | | | | | |

मिति :-

.....................
निर्वाचन अधिकृत
माउण्टेन हाइड्रो नेपाल लि.
काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १३ ताहचल, काठमाण्डौं

ख) माउण्टेन हाइड्रो नेपाल लि.को संचालक समितिको साधारण शेयरधनिको निर्वाचनका लागि मिति ...................... मा हुने निर्वाचनमा उम्मेदवार हुन निम्नलिखित व्यक्तिहरुले दरखास्त दिनु भएकोले सबैको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| सि.नं. | उम्मेदवारको नाम थर | शेयरधनि नं. | डिम्याट नं. | शेयर संख्या | कैफियत |
|---|---|---|---|---|---|
| १. | | | | | |
| २. | | | | | |
| ३. | | | | | |
| ४. | | | | | |

मिति :-

.....................
निर्वाचन अधिकृत
माउण्टेन हाइड्रो नेपाल लि.
काठमाण्डौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. १३ ताहचल, काठमाण्डौं

## अनुसूची - ६

## मतपत्र

(निर्देशिकाको दफा १० सँग सम्बन्धित)

**(क)**

| क.सं. | उम्मेदवारको नाम, थर | संस्थापक शेयरधनि तर्फ | मत संकेत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | | | |
| ५. | | | |
| ६. | | | |

१.२.३.४.५.६. यस्तै प्रकारले जति जना उम्मेदवार हुन्छन् कोठा थप गर्दै लान सकिनेछ ।

....................

निर्वाचन अधिकृत

माउण्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.१३, ताहचल

(ख)

| क.सं. | उम्मेदवारको नाम, थर | साधारण शेयरधनि तर्फ | मत संकेत |
|---|---|---|---|
| १. | | | |
| २. | | | |
| ३. | | | |

१.२.३. यस्तै प्रकारले जति जना उम्मेदवार हुन्छन् कोठा थप गर्दै लान सकिनेछ ।

....................

निर्वाचन अधिकृत

माउण्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौं जिल्ला काठमाण्डौं महानगरपालिका वडा नं.१३, ताहचल

अनुसूची - ७

मतदान तथा मतगणना प्रतिनिधिको नियुक्ति

(निर्देशिकाको दफा १३ सँग सम्बन्धित)

श्री .................

......................

काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १३, ताहचल स्थित माउण्टेन हाइड्रो नेपाल लि. को संथापक शेयरधनि/साधार शेयरधनिको संचालक समितिको निर्वाचनमा म .................................. उम्मेदवार भएकोले माउण्टेन हाइड्रो नेपाल लि.को निर्वाचन निर्देशिका बमोजिम तपाई श्री ....................................लाई मेरो मतदान तथा मतगणना प्रतिनिधिको रुपमा नियुक्ति गरेको छ । तपाईले मेरो तर्फबाट उक्त निर्देशिकाको अधिनमा रही निर्वाचन प्रतिनिधिको रुपमा गरेको निर्वाचन सम्बन्धी काम कारवाइमा मेरो मञ्जुरी छ ।

मितिः-

(सही............................)

नाम थर ........................ ...

ठेगाना ........................

उपरोक्त बमोजिम मतदान तथा मतगणना प्रतिनिधि हुन मञ्जुर गर्दछु ।

मितिः-

(सही............................)

नाम थर ........................ ...

ठेगाना ........................

बोधार्थ तथा कार्यार्थ

श्री निर्वाचन अधिकृतज्यू माउण्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १३, ताहचल

यो नियुक्तिपत्रको बोधार्थ यस कार्यालयमा मेरो समक्ष दाखिल भएको हो ।

मितिः- सही..............................

निर्वाचन अधिकृत

## अनुसूची - ८

मतदान समाप्त भएको मुचुल्का

(निर्देशिकाको दफा १४(च) सँग सम्बन्धित)

काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १३, ताहचल स्थित माउण्टेन हाइड्रो नेपाल लि. को संचालक समितिको पदमा भएको मतदान कार्य ...................बजे मिति...................मा शुरु भई ....................बजे सम्पन्न भएको ठीक साँचो हो ।

उम्मेदवार वा प्रतिनिधिहरुको सही

श्री.......................... .

श्री............................

श्री............................

श्री............................

श्री............................

श्री............................

सहि .....................

निर्वाचन अधिकृत

## अनुसूची - ९

मतगणना परिणाम मुचुल्का

(निर्देशिकाको दफा १५ सँग सम्बन्धित)

काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १३, ताहचल स्थित माउण्टेन हाइड्रो नेपाल लि. को संचालकहरुको लागि सम्पन्न भएका निर्वाचनको मतगणना परिणाम अनुसार मतदान भएको जम्मा ................मत मध्ये ..........................मत बदर भएको र .......................सदर मत मध्ये उम्मेदवारहरुले निम्न बमोजिम सदर मत प्राप्त गरेको हुँदा सोही बमोजिम घोषणा गरी यो मुचुल्का गरिदियौं ।

| उम्मेदवारको नाम थर | प्राप्त सदर मत | क्रम | विजयी | पराजित |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

१. उम्मेदवार ......................को प्रतिनिधि श्री.......................

२. उम्मेदवार ......................को प्रतिनिधि श्री.......................

३. उम्मेदवार ......................को प्रतिनिधि श्री.......................

स्थानः-　　　　　　　　　　　　　　　　　　　　निर्वाचन अधिकृत

मितिः-

**अनुसूची - १०**

प्रमाण-पत्र

(निर्देशिकाको दफा १८ सँग सम्बन्धित)

मउण्टेन हाइड्रो नेपाल लि.

काठमाण्डौं जिल्ला काठमाण्डौं म.न.पा. वडा नं. १३, ताहचल स्थित माउण्टेन हाइड्रो नेपाल लि. का संस्थापक शेयरधनि/साधारण शेयरधनि श्री ............................ मिति ..................... मा भएको संचालक समितिको निर्वाचनमा निर्वाचित/निर्विरोध निर्वाचित हुनु भएकोले यो प्रमाण-पत्र प्रदान गरिएको छ ।

......................

निर्वाचन अधिकृत

## अनुसुचि ११

**(निर्देशिकाको दफा १४(घ) सँग सम्बन्धित)**

# माउन्टेन हाइड्रो नेपाल लि.

**निर्वाचनको कार्यालय**

**ताहाचल, काठमाण्डौ**

श्री संचालक समिति
माउन्टेन हाइड्रो नेपाल लि.
ताहाचल, काठमाण्डौ ।

**बिषय : साधारण सभामा मतदान गर्न प्रतिनिधी नियुक्ति गरेको बारे ।**

महाशय,

..................जिल्ला......................न.पा./गा.पा. वडा नं................बस्ने म/हामी .....................................ले त्यस कम्पनीको शेयरवालाको हैसियतले २०७७ साल पुस महिना २७ गते सोमबार का दिन हुँने साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि................................जिल्ला.....................न.पा./गा.पा. वडा नं................बस्ने त्यस कम्पनीका शेयरवाला श्री.......................................... शेयर प्रमाणपत्र नं............ लाई मेरो / हाम्रो प्रतिनिधी मनोनित गरि पठाएको छु /छौं ।

| **प्रतिनिधि हुनेको** | **निवेदकः** |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नाम : |
| शेयरसंख्या : | ठेगाना : |
| | शेयर प्रमाणपत्र नं. |
| | कि.नं....................देखि..................सम्म |
| मिति : | मिति : |

(द्रष्टव्य : यो निवेदन साधारण सभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै कम्पनीको रजिष्टर्ड कार्यालयमा पेश गरि सक्नु पर्ने छ ।)